# बुलिङटार गाउँपालिका

नवलपरासी पूर्व

गण्डकी प्रदेश, नेपाल

## सामुदायिक विद्यालय समायोजन कार्यविधि-२०८२

# बुलिङटार गाउँपालिका

**नवलपरासी पूर्व, गण्डकी प्रदेश,**

## सामुदायिक विद्यालय समायोजन कार्यविधि-२०८२

प्रस्तावना:- बुलिङटार गाउँपालिका अन्तर्गत संचालनमा रहेका विगत देखि विद्यार्थी संख्या अति न्यून रहेका सामुदायिक विद्यालयहरूलाई एक आपसमा समायोजन गरी विद्यालयको व्यवस्थापकीय र शैक्षिक सुधारको कार्य गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (ज) र बुलिङटार गाउँ शिक्षा ऐन २०७६ को दफा ११ को उपदफा ३ को अधिकार प्रयोग गरी बुलिङटार गाउँपालिकाको कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

परिच्छेद-१

प्रारम्भिक

**१. संक्षिप्त नाम प्रारम्भ:**

१.१ यस कार्यविधिको नाम 'बुलिङटार गाउँपालिका सामुदायिक विद्यालय समायोजन तथा मिलान कार्यविधि २०८२' रहेको छ ।

१.२ यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा सरकारी अनुदानमा कार्यरत सहायक र सहयोगीको रुपमा कार्यरत कर्मचारी सम्झनुपर्छ।

ख) 'कार्यपालिका' भन्नाले बुलिङटार गाउँपालिकाको गाउँकार्यपालिका सम्झनुपर्छ ।

ग) 'कार्यालय' भन्नाले बुलिङटार गाउँपालिकाको गाउँकार्यपालिकाको कार्यालय सम्झनुपर्छ।

घ) "गाउँपालिका" भन्नाले बुलिङटार गाउँपालिका सम्झनुपर्छ।

ङ) "गाउँ शिक्षा" समिति भन्नाले बुलिङटार गाउँपालिकामा गठित गाउँ शिक्षा समिति सम्झनुपर्दछ ।

च) "विद्यालय" भन्नाले बुलिङटार गाउँपालिका भित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालय सम्झनुपर्छ ।

छ) "विद्यालय समायोजन" भन्नाले दुई वा दुई भन्दा बढी विद्यालयहरू एक आपसमा गाभ्ने वा एक आपसमा गाभी नयाँ विद्यालय स्थापना (एकीकरण) वा विद्यालयको तह वा कक्षा घटाउने बढाउने वा विद्यालय बन्द गर्ने समेतको कार्य सम्झनुपर्छ।

ज) "शिक्षक" भन्नाले सामुदायिक विद्यालयमा सरकारी अनुदानमा कार्यरत स्थायी, अस्थायी, करार, राहत वा अन्य शिक्षक सम्झनुपर्छ ।

झ) "शिक्षा युवा तथा खेलकुद शाखा" भन्नाले बुलिङटार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ ।

## परिच्छेद-२
## विद्यालय समायोजनका सैद्धान्तिक आधार

३. दुई वा दुईभन्दा बढी विद्यालयहरूलाई गाभी एउटा विद्यालयमा कायम गर्दा देहायका आधारमा गर्ने:

क) विद्यालयहरु बीचको दुरी पाँच किलोमिटर भन्दा कम भई आधा घण्टा भन्दा कम पैदल यात्राको समय लाग्ने भएमा ।

ख) कक्षा ६-८ सम्म सञ्चालन भईरहेका आधारभूत विद्यालयहरु सञ्चालनमा आउन सक्ने न्युनतम आधारहरु पूरा नभएका विद्यालयलाई आधारभूत तह (कक्षा १-५) को विद्यालय सञ्चालन गर्ने ।

ग) कक्षा ९-१० सम्म सञ्चालन भईरहेका माध्यमिक विद्यालयहरु सञ्चालनमा आउन सक्ने न्युनतम आधारहरु पूरा नभएका विद्यालयलाई आधारभूत विद्यालय सञ्चालन गर्ने ।

घ) कक्षा ११- १२ अनुमति/स्वीकृति लिई न्यून विद्यार्थी संख्या भई आधारभूत भौतिक सुविधा समेत नभएका विद्यालयहरू कक्षा १० सम्मको माध्यमिक विद्यालयको रूपमा सञ्चालन गर्ने।

ङ) कुनै विद्यालयमा देहाय बमोजिमको विद्यार्थी संख्या कायम नरहेमा र भविष्यमा पनि उक्त विद्यार्थी सङ्ख्या पुग्ने पर्याप्त आधार नदेखिएमा त्यस्तो विद्यालय बन्द गरी अर्को पायक पर्ने विद्यालयमा समायोजन गर्ने:

| कक्षा | १-३ | ४-५ | ६-८ | ९-१० | ११-१२ |
|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | १० जना | १० जना | १५ जना | २५ जना | २५ जना |

च) खण्ड (ङ) मा जुनसुकै कुरा लेखिएको भए तापनि सडक यातायातको पहुँच भई स्कूल बसको प्रयोग गर्न सकिने स्थानका आधारभूत विद्यालयहरुलाई माध्यमिक विद्यालयमा समायोजन गर्ने तर नजिकको दुरीमा अन्य विद्यालय नभएको तथा अलग्गै वस्ती भएको भौगोलिक विकटता तथा विद्यालय समायोजनको कारणवाट पढाईवाट वञ्चित वालवालिकाको पढाई सुनिश्चितताको लागि गाउँपालिकाले आवश्यक व्यवस्था गर्नेछ। विद्यालय समायोजनका कारणले कुनै पनि विद्यार्थीको शिक्षा प्राप्त गर्ने अधिकारलाई हनन गर्न पाईने छैन।

**स्पष्टीकरण:** माथि परिच्छेद - २ को दफा ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि गाभिने वा बन्द गरिने विद्यालयमा सञ्चालित प्रारम्भिक वालविकास कक्षा कायम नै राखिनेछ।

## परिच्छेद-३

**४. समायोजन हुने विद्यालयको नामाकरण**

४.१ गाभिने विद्यालयको नाम गाभिएको विद्यालयको नामको पछाडी थप गरी नामाकरण गर्ने वा दुईवटै विद्यालय व्यवस्थापन समितिको सहमतिमा कुनै नाम कायम गर्ने।

४.२ एकीकरण हुने विद्यालयको नामाकरण गर्दा बढी विद्यार्थी सङ्ख्या भएको विद्यालयको नामका पछाडी कम विद्यार्थी संख्या भएको विद्यालयको नाम जोडी नामाकरण गर्ने वा दुईवटै विद्यालय व्यवस्थापन समितिको सहमतिमा कुनै नाम कायम गर्ने ।

४.३ दुईभन्दा बढी विद्यालयहरू आपसमा गाभिई वा एकीकरण भई नयाँ ठाउँमा विद्यालय स्थापना हुने अवस्था भएमा राष्ट्रियता, स्थानीयता र ऐतिहासिकता झल्किने साबिकको नाम वा नयाँ नाम राखिने।

४.४ माथि उल्लेखित दफा ४.१, ४.२ र ४.३ बमोजिम विद्यालयको नामाकरण एवं परिच्छेद ४ बमोजिम विद्यालयको भौतिक सम्पत्ति र संरचनाको व्यवस्थापन लगायतका विषयमा सहजीकरण गर्न देहायको एक समिति रहनेछः

क) सम्वन्धित वडाको वडा अध्यक्ष -संयोजक

ख) समायोजन/मिलान हुने विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष -सदस्य

ग) सम्वन्धित वडाका वडा सदस्यहरु -सदस्य

घ) सम्वन्धित विद्यालयका प्रधानाध्यापकहरु -सदस्य

(ङ) वडा सचिव -सदस्य-सचिव

## परिच्छेद-४
## विद्यालय समायोजन पछि गर्नुपर्ने भौतिक व्यवस्थापन

५. विद्यालय समायोजन पश्चात् विद्यालयमा रहेको चल अचल सम्पत्तिको व्यवस्थापन देहाय अनुसार हुने गरी सम्वन्धित वडा अध्यक्षको समन्वयमा सम्पन्न गर्नुपर्नेछ । यस कार्यमा समायोजन भएका विद्यालयका व्यवस्थापन समितिका पदाधिकारी, प्रधानाध्यापक, शिक्षक र कर्मचारीहरूले आवश्यक सहयोग गर्नुपर्नेछ।

क) गाभिने विद्यालयको सबै चल अचल सम्पति दाखिला गरी गाभिएको वा नयाँ कायम हुने विद्यालयको नाममा कायम गर्ने।

ख) गाभिने विद्यालयमा रहेका फर्निचर, पाठ्यसामग्री लगायतका अन्य शैक्षिक सामग्री गाभिएको/नयाँ कायम भएको विद्यालयको नाममा जिन्सी दाखिला गर्नुपर्नेछ।

ग) विद्यालय समायोजन वा गाभिएपछि गाभिएको विद्यालयमा रहेका शैक्षिक प्रयोजनमा काम नलाग्ने पुराना शैक्षिक सामग्री र मालसामानको विवरण तयार गरी त्यस्ता मालसामानको सालाखाला न्यूनतम् मूल्य कायम गरी सम्वन्धित वडाको सिफारिस सहित आवश्यक कारवाहीका लागि गाउँपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ र गाउँपालिकाको कार्यालयले समर्थन गरेको मूल्यमा लिलाम गरी प्राप्त हुन आएको रकम विद्यालयको कोषमा जम्मा गर्नुपर्नेछ।

घ) विद्यालय समायोजन वा गाभिएपछि गाभिएको विद्यालयको आय आर्जनमा प्रयोग भएका जग्गा जमिनमा कृषि, पशुपालन, व्यावसायिक खेती गरिएको रहेछ भने त्यसको निरन्तरताको लागि गाभिएको विद्यालयले योजना बनाइ वडा कार्यालयको सिफारिस सहित गाउँपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ र गाउँपालिकाले दिएको निर्देशन अनुसार गर्नु पर्नेछ।

ङ) अनुमति वा स्वीकृति रद्द गरिएको वा बन्द गरिएको विद्यालयको चल अचल सम्पत्ति गाउँ शिक्षा समिति र गाउँपालिकाको शिक्षा शाखाको सिफारिसमा नजिकको विद्यालय वा गाभिएको विद्यालयले प्रयोग गर्न पाउनेछ।

च) गाभिएका वा समायोजन गरिएका विद्यालयको सम्वन्धमा सम्वन्धित विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँ कार्यपालिकाले अन्तिम निर्णय गर्न सक्नेछ।

## परिच्छेद-५
## विद्यालय समायोजन पछि गर्नुपर्ने शैक्षिक तथा अन्य व्यवस्थापन

६. विद्यालय समायोजन पश्चात् विद्यालयको शैक्षिक र अन्य व्यवस्थापन देहाय अनुसार गर्नुपर्नेछः

क) गाभिने विद्यालयका प्रधानाध्यापक लगायत, शिक्षक र कर्मचारीहरुलाई गाभिएको विद्यालय वा गाउँपालिकाको अन्य विद्यालयहरुमा गाउँ शिक्षा समितिको निर्णय वमोजिम शिक्षक तथा कर्मचारीको सरूवा गरिनेछ।

ख) आवश्यकताभन्दा बढी भएका शिक्षक दरबन्दीलाई गाउँपालिकाको पुल दरबन्दीका रुपमा राखी गाउँ शिक्षा समितिको निर्णय अनुसार आवश्यक व्यवस्था गरिनेछ।

ग) आवश्यकता भन्दा बढी शिक्षक सङ्ख्या रहन गएमा नजिकैको पायक पर्ने विद्यालयमा आवश्यकताका आधारमा सरुवा गरी पदस्थापन गरिनेछ तर थप दरबन्दीको आवश्यकता देखिएमा दरवन्दी मिलान वा वितरण गर्दा समायोजनबाट कायम भएका विद्यालयलाई प्राथमिकता दिइनेछ।

घ) विद्यालय समायोजन पश्चात् अर्को व्यवस्था नभएसम्मका लागि गाभिने विद्यालयको व्यवस्थापन समिति र अन्य समितिहरू स्वतः निष्कृय हुनेछन् र गाभिएको विद्यालयमा रहेको व्यवस्थापन समितिले नै तोकिएको कामकाज गर्नेछ तर गाभिएको विद्यालयको व्यवस्थापन समितिको बैठकमा गाभिने विद्यालयको व्यवस्थापन समिति / शिक्षक अभिभावक संघका पदाधिकारीहरूलाई अनिवार्य आमन्त्रण गर्नुपर्नेछ । साथै गाभिएको विद्यालयको व्यवस्थापन समितिमा कानूनबमोजिम मनोनित गर्नुपर्ने पद रिक्त रहेको भए गाभिने विद्यालयका व्यवस्थापन समितिका सदस्यहरुमध्येबाट मनोनित गर्नुपर्नेछ। एकीकरण भै नयाँ स्थापना हुने विद्यालयमा प्रचलित कानुनी प्रक्रिया वमोजिम हुने विद्यालयका अभिभावक समेतको सहभागितामा नयाँ विद्यालय व्यवस्थापन समिति गठन गर्नुपर्नेछ।

ङ) विद्यालय समायोजन पश्चात् विद्यालय कर्मचारी र बालविकास सहयोगी कार्यकर्ताको सङ्ख्या तोकिएभन्दा बढी हुन गए तापनि गाउँपालिकाले सबै कर्मचारी र बालविकास सहयोगी कार्यकर्ताको सेवासुविधा र पदीय हैसियतमा कुनै कटौती वा प्रतिकुल प्रभाव पर्ने गरी कार्य गर्ने छैन तर आवश्यकताका आधारमा सरुवा वा स्थानान्तरण गरी अर्को विद्यालयमा कामकाज गर्न लगाउन सकिनेछ । यस दफाको लागि प्रारम्भिक वालविकास तथा कर्मचारीको नयाँ नियुक्ति गर्दा गाउँपालिकाले आवश्यकताको आधारमा अनुमति प्रदान गर्न सक्नेछ।

## परिच्छेद-६

## विद्यालय समायोजनका लागि अपनाउनु पर्ने प्रक्रियागत चरणहरू:

७. समायोजन गर्दा गाउँपालिकाले देहायका प्रक्रियागत चरणहरू अपनाउनेछ:

क) गाउँ शिक्षा समितिले विद्यालय समायोजनका लागि कार्यविधि वमोजिम अध्ययन गरी सिफारिस गर्न देहायको कार्यदल गठन गर्नेछ।

१. सामाजिक विकास समितिको संयोजक -संयोजक
२. पालिकाको प्रशासकीय अधिकृत -सदस्य
३. स्रोत शिक्षक -सदस्य
४. शिक्षा शाखाको शिक्षा अधिकृत - सदस्य सचिव

ख) गाउँपालिकामा रहेको विद्यालय र शिक्षक सम्वन्धी तथ्याङ्क अध्ययन तथा विश्लेषण गर्ने,

ग) समायोजन आवश्यक देखिएका विद्यालयहरूको स्थलगत अनुगमन र अध्ययन गर्ने,

घ) विद्यालयका सरोकारवालाहरू (वडा अध्यक्ष, वि.व्य.स. शि.अ.सं., शिक्षक, अभिभावक, बुद्धिजीवी, आदि) सँग अन्तक्रिया र सुझाव सङ्कलन गर्ने,

ङ) शिक्षा शाखा वा गाउँ शिक्षा समितिको राय एवम् सिफारिसका आधारमा गाउँकार्यपालिकाबाट विद्यालय समायोजन तथा कक्षा घटाउ सम्बन्धी निर्णय गर्ने।

## परिच्छेद-७

## विविध

८. समायोजन हुने वा गाभिने विद्यालयका सरोकारवाला समुदायले गाभिएको विद्यालय भवनमा शिशु कक्षा, वैकल्पिक शिक्षा, सामुदायिक वाचनालय, सामुदायिक सिकाइ केन्द्र वा यस्तै अन्य सामुदायिक शैक्षिक कार्यक्रम सञ्चालन गर्न चाहेमा कार्यपालिकाको निर्णयवमोजिम त्यस्ता कार्यक्रम सञ्चालन गर्न सक्नेछन् ।

९. समायोजन भै सञ्चालनमा नरहेका विद्यालय भएको स्थानमा पुनः विद्यालय सञ्चालनका लागि न्यूनतम विद्यार्थी सङ्ख्या भएमा र विद्यालय आवश्यक देखिएमा विद्यालय सञ्चालन गर्न गाउँपालिकाले अनुमति दिन सक्नेछ।

१०. विद्यालय समायोजन, एकीकरण वा गाभिएपछि उक्त विद्यालयमा भवन, शौचालय, फर्निचर आदि भौतिक सुविधा विस्तार एवम् निर्माण गर्न अत्यावश्यक भएमा उक्त कार्यको लागि प्राप्त अनुदान वितरण गर्दा गाउँपालिकाले पहिलो प्राथमिकतामा अनुदान उपलव्ध गराउनुपर्नेछ।

११. विद्यालय समायोजन, एकीकरण वा गाभिएपछि उक्त विद्यालयको पुर्वाधार व्यवस्थापन कार्यलाई सम्वन्धित वडाले समेत विशेष प्राथमिकता दिनुपर्नेछ।

१२. यस कार्यविधिमा कुनै संशोधन गर्नु परेमा बुलिङटार गाउँपालिकाको कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ।